आज मिति २०७७ साल फागुन महिनाको २८ गते शुक्रवार का दिन यस बेसिशहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको ६६ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थिति:

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | वडा अध्यक्ष | वडा नं. १ | श्री बलराम श्रेष्ठ |
| ४, | -"- | -"- २ | श्री गणेश बहादुर कुँडेल |
| ५, | -"- | -"- ३ | श्री सुर्य कुमार श्रेष्ठ |
| ६, | -"- | -"- ४ | श्री लालविर गुरुङ |
| ७, | -"- | -"- ५ | श्री बम बहादुर गुरुङ |
| ८, | -"- | -"- ६ | श्री भोज बहादुर रिमाल |
| ९, | -"- | -"- ७ | श्री गोविन्द बहादुर बस्नेत |
| १०, | -"- | -"- ८ | श्री पवित्रा थापा राना |
| ११, | -"- | -"- ९ | श्री शारद बराल |
| १२, | -"- | -"- १० | श्री पूर्ण बहादुर थापा |
| १३, | -"- | -"- ११ | श्री अच्युत बाबु बगाले |
| १४, | कार्यपालिका सदस्य | | श्री विष्णु माया राना |
| १५, | -"- | -"- | श्री मन्दिरा दनाई |
| १६, | -"- | -"- | श्री देव बहादुर गहतराज |
| १७, | -"- | -"- | श्री अजय मजाकोटी |
| १८, | -"- | -"- | श्री मन माया गुरुङ |
| १९, | -"- | -"- | श्री टोज बहादुर खवास |
| २०, | -"- | -"- | श्री कृष्ण नेपाली |
| २१, | -"- | -"- | श्री आशा तामाङ |
| २२, | सदस्य सचिव | | श्री लिला वल्लभ न्यौपाने |

सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |
| २४, | नाःसु (सहायकस्तर पाँचौं) | श्री गोविन्द बहादुर राउत |

***बैठकका ऐजेण्डाहरु***

१. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्बन्धमा (पुरानोकोटगढी भ्यूटावर)।
२. स्वास्थ्य सेवा केन्द्र भवन निर्माण (क्रमागत) योजनाको म्याद थप सम्बन्धमा। (वडा नं ३ र ९)।
३. फुटकर योजना छनौट सम्बन्धमा।
४. सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा।
५. बालमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धमा।
६. मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लागि विद्यालय छनौट सम्बन्धमा।
७. प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा।
   - वडा नं १० पासाचौर खेलमैदानको निर्माणको क्रममा निस्किएको ढुंगा बिक्री
   - वडा नं १० भोटेफाँटको नदीजन्य पदार्थ संकलन तथा बिक्री दस्तुर सम्बन्धमा।
८. विविध
   - नगरप्रमुखको स्वकीय सचिव नियुक्ति सम्बन्धमा।
   - कृषिजन्य सामाग्री खरीद सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १: पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्बन्धमा।**

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं २६० मिति २०७७/११/०५ को प्राप्त पत्रानुसार पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालनको लागि देहायको योजना छनौट भएको हुँदा सो मन्त्रालयको यस सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन ) निर्देशिका २०७७ र पत्रसाथ संलग्न शर्तहरु समेतका आधारमा योजना कार्यान्वयन प्रक्रिया तुरुन्त अघि बढाउने निर्णय गरियो।

देहाय :

**योजनाको नाम र ठेगाना :** पुरानोकोट गढीमा शान्ति स्तुपा सहितको भ्यू टावर निर्माण, बेसीशहर नगरपालिका ४

**कुल लागत :** रु.४,२६,००,०००।- (चार करोड छब्बीस लाख मात्र)

**नेपाल सरकारबाट व्यहोर्ने :** रु. २,७७,००,०००।- (दुई करोड सतहत्तर लाख मात्र)

**नगरपालिकाबाट व्यहोर्ने :** रु. १,४९,००,०००।- (एक करोड उनन्पचास लाख मात्र)

**आयोजना सम्पन्न हुने अन्तिम मिति :** २०७८ फागुन मसान्त।

**निर्णय नं. २ : स्वास्थ्य सेवा केन्द्र भवन निर्माण (क्रमागत) योजनाको म्याद थप सम्बन्धमा।**

गत आवमा स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण शिर्षकमा प्राप्त बजेटबाट वडा नं ३ र ९ मा शुरु गरिएको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गर्नको लागि चालु आव २०७७/०७८ मा रु ५० लाख ११ हजार बजेट प्राप्त भएको हुँदा उक्त दुई वटा भवन निर्माणको ठेक्का सम्झौताको म्याद २०७८ असार मसान्तसम्म थप गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं. ३ : फुटकर योजना छनौट सम्बन्धमा।**

चालु आ.व. २०७७/०७८ मा कार्यान्वयन गर्ने गरी माग र आवश्यकताका आधारमा देहायका योजना तथा कार्यक्रमहरु छनौट गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं | योजना तथा कार्यक्रमको विवरण | ठेगाना | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | फूलबारी मैदान स्तरोन्नति | बेनपा ८ | २५००००० | मेयर कप ९ लाख, विद्युत रोयल्टी १६ लाख |
| २. | मानव सेवा आश्रम सहयोग | बेनपा ७ | ३००००० | संस्कृति र कला साहित्य |
| ३. | त्रिवेणी युवा क्लब फुटबल खेल सहयोग (प्रेसिडेन्ट कप खेलको लागि) | बेनपा ७ | २००००० | खेलकुँद प्रतियोगिता सहयोग |
| ४. | सिसी क्यामेरा जडान तथा मर्मत | बेनपा ७ र ८ | ४५०००० | सार्वजनिक सुनुवाई, समीक्षा, सामाजिक परीक्षण |
| ५. | अकरगौंडा छापागाउँ मोटरबाटो स्तरोन्नति | बेनपा १, नयाँगाउँ | १००००० | फुटकर शिर्षक |
| ६. | सातबिसे चौतारादेखि चन्द्रोदय प्रा.वि.सम्मको सडक निर्माण | बेनपा १ | १००००० | फुटकर शिर्षक |
| ७. | ज्यामित्रेखोला भकुण्डे सडक स्तरोन्नति | बेनपा २ | २००००० | फुटकर शिर्षक |
| ८. | वडा कार्यालय भवन स्तरोन्नति | बेनपा ४ | २५०००० | फुटकर शिर्षक |
| ९. | बाखेजगत पुरानोबजार बाटो सिंढी निर्माण | बेनपा ५ | १५०००० | फुटकर शिर्षक |
| १० | भण्डारीगाउँ बाटो स्तरोन्नति | बेनपा ६ | १००००० | फुटकर शिर्षक |
| ११ | चनौटे ढाँणभिर बाटो स्तरोन्नति | बेनपा ६ | १५०००० | फुटकर शिर्षक |
| १२. | लिङ्की पँधेरो पहिरो नियन्त्रण तथा सडक निर्माण | बेनपा ७ र ८ | ७००००० | फुटकर शिर्षक |
| १३. | न्यायिक समिति न्यायिक इजलास निर्माण | | ५००००० | विद्युत रोयल्टी |
| १४. | कार्यालय परिसरको अगाडिको भागमा प्रतिक्षालय/पार्किङस्थल निर्माण | बेनपा ८ | ल.इ. वमोजिम | विद्युत रोयल्टी |

**निर्णय नं. ४ :सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।**

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमको लागि चालु आवको लागि नगरपालिकामा प्राप्त बजेटबाट प्रकाशित सुचना वमोजिम प्राप्त निवेदनहरु मध्येबाट कार्यविधि वमोजिम लाभग्राहीहरु छनौट गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।**

नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ तथा यससम्बन्धी अन्य कार्यविधि समेतका आधारमा बेसीशहर नगरपालिकालाई आगामी आर्थिक वर्ष २०७८/७९ भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने गरी कार्यक्रम अघि बढाउने र सो सन्दर्भमा देहाय वमोजिमको निर्णय गरियो।

(क) नगरपालिकाको सामाजिक विकास शाखालाई बालमैत्री सम्पर्क शाखा तोक्ने र सो शाखाका शाखा प्रमुखलाई बालमैत्री फोकल पर्सन तोक्ने।

(ख) बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बाल अधिकार सुनिश्चितता सम्बन्धी कार्यविधि निर्माण गर्न देहाय वमोजिमको कार्य समिति गठन गर्ने

**देहाय**

१.श्री भोज बहादुर रिमाल, वडाध्यक्ष- वडा नं ६, संयोजक

२.श्री बलराम श्रेष्ठ, वडाध्यक्ष- वडा नं १, सदस्य

३.श्री मनमाया गुरुङ, कार्यपालिका सदस्य, सदस्य

४.श्री सृष्टिका पाण्डे बालक्लव सञ्जाल बेनपा १, सदस्य

५.श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत सदस्य सचिव

(ग) वडा नं १ र ६ ले अधिकांश सूचकहरु पुरा गरेको हुँदा उक्त २ वटा वडाहरुलाई यसै आर्थिक वर्ष भित्र बालमैत्री वडा घोषणा गर्ने।

(घ) कार्यविधि तयार गरी नगरपालिकामा बालकोषको स्थापना र सञ्चालन गर्ने।

(ङ) बालमैत्री नगर घोषणाको लागि विस्तृत कार्य योजना तयार गर्ने।

**निर्णय नं. ६ : मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लागि विद्यालय छनौट सम्बन्धमा।**

कोशिश नामक गैर सरकारी संस्थाद्वारा समावेशी सामुदायिक मानसिक स्वाथ्य परियोजना अन्तर्गत विद्यालय मानसिक तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि देहायका माध्यमिक विद्यालयहरु छनौट गर्ने निर्णय गरियो।

(क) श्री जनकल्याण मावि बेनपा १ उदीपुर।

(ख) श्री यशोब्रहमा मावि बेनपा ३, गाउँशहर

(ग) श्री सेवा सदन मावि बेनपा ४, पुरानोकोट

(घ) श्री जनविकास मावि बेनपा ७, चण्डीडाँडा

(ङ) श्री गंगा मिलन मावि बेनपा ६, मकैडाँडा

**निर्णय नं. ७ : प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा।**

(क) वडा नं १० पासाचौर खेलमैदान निर्माणको क्रममा निस्किएको ढुंगा बिक्री वापत प्राविधिकको मूल्यांकन वमोजिम लिइएको दस्तुर रु. १,२३,३६८। (भ्याट सहित) अनुमोदन गर्ने।

(ख) बेसीशहर नगरपालिका वडा नं १० बाँफाखेत मोटरेवल पुलदेखि भाचोकखोला दोभानसम्मको नदिजन्य पदार्थ संकलन तथा बिक्रीको लागि प्राविधिक मूल्यांकनका आधारमा दस्तुर लिई सोही वडा निवासी गणेश थापालाई संकलन तथा बिक्रीको लागि अनुमति दिने।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/११/२८ गतेको बैठक

**निर्णय नं. ८ : विविध/स्वकीय सचिव नियुक्ति सम्बन्धमा**

नगर प्रमुखको स्वकीय सचिवमा कार्यरत श्री दूध प्रसाद घलेले राजिनामा दिएको सन्दर्भमा उक्त राजिनामा मिति २०७७।११।१८ देखि लागु हुने गरी स्वीकृत गरी उक्त पदमा बेसीशहर नगरपालिका ९ निवासी श्री कुमार अर्याललाई मिति २०७७।१२।०१ देखि लागु हुने गरी नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : विविध/ कृषिजन्य सामाग्री खरीद सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार नगर क्षेत्रभित्रका कृषकहरुलाई ५०% अनुदानमा सिल्पोलिन प्लाष्टिक र अन्य कृषिजन्य सामाग्रीहरु खरीद गरी वितरण गर्ने गरी बजेट व्यवस्था भएको र उक्त कार्यक्रमलाई चौमासिकरुपमा कार्यान्वयन गर्नुपर्ने साथै यस्ता कार्यक्रमहरुमा विनियोजित बजेट रकमबाट एकै पटक सामाग्री खरीद गर्दा सामानहरु पछिसम्म राख्दा बिग्रने, नोक्सान हुने, पटक पटक खरीद गरेर बजेट टुक्र्याई खरीद गरेजस्तो देखिने हुँदा त्यस्ता सामानहरु आवश्कता अनुसार समय समयमा खरीद गरी वितरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।